نيبالي

# इस्लाम को उपदेश

लेखक
मोहम्मद इदरीस नेपाली



# رسالة الإسلام

تأليف
محمد إدريس النيبالي

سلطانة
Sultanah
المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات بسلطانة
تحت إشراف وزارة الشؤون الإسلامية والأوقاف والدعوة والإرشاد

# इस्लाम को उपदेश

लेखक
**मोहम्मद इदरीस नेपाली**

प्रकाशक :
आमन्त्रण तथा प्रदर्शन सहयोगी कार्यालय
सुल्ताना सोवैदी रोड
पो॰ ब॰ ९२६७५ रियाद ११६६३
फोन: ४२४००७७ फ्याक्स ४२५१००५
सउदी अरब

# حقوق الطبع محفوظة



**الطبعة الثانية ١٤١٩هـ - ١٩٩٩م**

ⓒ المكتب التعاوني للدعوة والإرشاد بسلطانة ، ١٤١٩هـ

*فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر*

إدريس ، محمد

رسالة الإسلام - ط٢ - الرياض.

٦٤ ص ؛ ١٢ × ١٧ سم

ردمك : ١ - ٦١ - ٨٢٨ - ٩٩٦٠

(النص باللغة النيبالية)

١- الإسلام - مبادئ عامة أ- العنوان

ديوي ٢٤٠ ١٩/١٨٩٥

رقم الايداع ١٩/١٨٩٥

ردمك : ١ - ٦١ - ٨٢٨ - ٩٩٦٠

# इस्लामको उपदेश

❁❁❁

## विषय सूची

⇩


| क्रमांक | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | तौहीदको विषयमा र शिर्कको घृणा माथि उपदेश ... | ३ |
| २. | नमाजको बारेमा उपदेश .......................... | १४ |
| ३. | जकातको बारेमा उपदेश .......................... | २१ |
| ४. | रमजानको बारेमा उपदेश .......................... | ३१ |
| ५. | हजको बारेमा उपदेश .......................... | ४० |
| ६. | आपसी मेल-मिलाप र एकता माथि उपदेश ...... | ५० |


*

## बिस्मिल्ला-हिर्रहमानिर्रहीम

(शुरू गर्दछु अल्लाहको नामबाट जो क्षमा गर्न सक्ने कृपालु र दयालु हो)

# तौहीद[1] को विषयमा र शिर्क[2] को घृणा माथि उपदेश

## बिस्मिल्लाहिर्रहमानिर्रहीम

**नहमदोहू व नोस्ल्ली अला रसूलेहिल करीम : अम्माबाद-**

ईश्वर आकाश बाट पठाए को अफनो किताब कुर्आन मा भन्दछ ।

﴿يا أيهاالناس اعبدوا ربكم الذى خلقكم والذيـن مـن قبلكم لعلكم تتقون الذى جعل لكم الأرض فراشـا و السمآء بناءً و أنـزل مـن السـمآء مـاءً فـأخرج بـه مـن الثمرات رزقاً لكم فلا تجلعوا لله أندادا وأنتم تعلمون﴾

(सूर: बक़रा: २१,२२)

---

[1]अल्लाहको एकत्व अर्थात् अल्लाहको काममा कसैलाई शरीक भएको नमान्ने धारणालाई 'तौहीद' भन्दछन् ।

[2]अल्लाहको काममा अरूलाई शरीक भएको मान्ने धारणालाई 'शिर्क' भनिन्छ ।

**अर्थ** : अल्लाहतआलाले सूर: बकरको तेस्रो रूकूमा भनेको छ :

“हे मनुष्य पूजा गर ! आफ्नो परवर दिगारको जसले तिमीलाई जन्म दिएको छ, र उनको जो तिमी भन्दा पहिले थिए। त्यो अल्लाह जसले तिम्रो निम्ति पृथ्वीलाई ओछ्यान र आकाशलाई छत बनाएको छ, र आकाशबाट पानी पार छ। पृथ्वी-बाट किसिम किसिमको फलफूल उब्जाउँछ, जुन तिम्रो भोजन हो। यसले गर्दा अल्लाहको साझी कसैलाई न गर र यसबाट बच् तिमी जान्दछौं, कि तिमीलाई जन्म दिने र आकाश पृथ्वीको रचना गर्ने, भोजन दिने, मार्ने, पाल्ने, हानि लाभ पुर्याउने आदि सबै कुरा अल्लाह कै हुक्म र शक्तिबाट हुन्छ, कसैको यसमा साझी र सहारा छैन। फेरि जानी जानी अरुहरूलाई उसको साझी बनाउनु ठूलो जुल्म हो।”

यसैले सूर: निसाको छैठौं रुकूमा अल्लाह तआलाले भने छ।

﴿إن الله لا يغفِرُ أن يشرَك به و يغفِرُ مَادون ذلكَ لِمن يشــآء و
من يُشرك بالله فقد ضلّ ضلا لاً بعيدا﴾ (सूर: निसा:११६)

**अर्थ** : "निश्चय नै अल्लाहले त्यस्तालाई मुक्त गर्ने छैन, जसले उसको क्रिया-कलापमा अरूलाई साझेदार ठहराउँछ । जसले अल्लाहको क्रिया-कलापमा अरूलाई साझेदार ठहरायो, उ निश्चय नै त्यो बाटो बिर्सेको छ । अर्थात् कुनै किसिमको कसैले पाप गर्छ भने त्यसले पनि बाटो बिर्सेको छ, तर जसले शिर्क गर्यो त्यसले त यस्तरी बाटो विर्स्यो कि उसका लागि कुनै पनि ठाउँ नै छैन ।"

उदाहरणार्थ - अल्लाहले सूरः हजको चौथो रूकूमा भने छ :

﴿وَ من يُشرك بالله فكأنّما خَرّ مِنَ السّمآء فَتَخطَفُه الطّيرُ أوتَهْوِى به الريح فِىْ مَكَانٍ سحيق﴾ (सूरः हज:३१)

**अर्थ**: "जसले अल्लाहको साझी ठहराउँछ । त्यो आकाशबाट खसे जस्तो हुन्छ । फेरि उसलाई उड्ने जानवर समात छन्-अथवा हावाले कुनै टाढाको घरमा फ्याकी दिन्छ । अर्थात् अरू पाप माथि यो आदेश छ कि या त दण्ड होस् या अल्लाहले चाहेमा मुक्ति भई हालछ, तर शिर्क माथि यो आदेश लगाईएको छ कि उसलाई कहिल्यै उद्धार हुने छैन । किन कि यो पाप साह्रैनै ठूल पाप हो, उसको बराबरमा कुनै पनि पाप छैन ।"

मिश्कात शरीफ बाब कबायरमा अब्दुल्लाह बिन मसऊदबाट बयान छ :

**“काला काला रजुलुन या रसूलल्लाह ! अय्युज्जम्बे अकबरो इन्दल्लाहे काला अनतजअल लिल्लाहे निद्दवौं व हुवा खलकका ।”**

**अर्थ** : अब्दुल्लाह बिन मसऊदको भनाई छ :

“कि एउटा मानिसले रसूलुल्लाह सल्लल्लाहो अलैहे- वसल्लम सित सोध्यो कि हे अल्लाहको रसूल ! सबभन्दा ठूलो पाप अल्लाहको निकट कुन हो ? त रसूल्लाहले भन्नु भयो अल्लाहको साथमा अरू कसैलाई साझी ठहराउनुनै सबभन्दा ठूलो पाप हो, किनभने उसले तिमीलाई पैदा गरेको छ ।”

र मिश्कात बाब कबायरमा मोआज बिन जबलबाट रिवायत छ :

**“लातुश्रिक बिल्लाहे शैऔं व इन कुतिलता व हुर्रिक्ता ।”**

**अर्थ** : रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

“कि अल्लाहको साथमा कसैलाई शरीक नगर यदि तिमीलाई कुनै दुष्ट मानिसले शिर्कको काम

गराउन चाहोस् र यो भनोस् यो काम गर नत्र तिमीलाई कत्ल गर्छु अथवा आगोमा पोलि दिन्छु तै पनि शिर्कको काम न गर्नुस्, यद्यपि त्यो दुष्ट तिमीलाई किन न मारिदियोस् अथवा आगोमा किन न पोलिदियोस् ।"

सावधान भएर हेर्नुस् र ध्यान दिनुस् कि अल्लाह र हाम्रो प्यारा रसूलले कुन तरीका र कसौटीले आदेश दिएका छन्, तर आज हाम्रो हजारौंहजार लोग्ने स्वास्नी मानिसको यो बानी छ कि मुसलमान पनि कहलाउँन्छन्, र ताजियाको पूजा पनि गर्छन् । कोही झण्डा र निशान-को, कोही मीरा शेख सिद्दीकी, कसैको रोटपोट, कसैको मजारमा (समाधिमा) टाढा-टाढाबाट आएर आशिक मांग्दछन् र मिन्नत वा नियाज चढाउँछन् कसैलाई दोहाई दिन्छन्, कसैको नामको कसम (सपथ) खान्छन् आदि नाना प्रकारको शिर्क गर्छन ।

यी नादान (मूर्ख) यति पनि बुझ्दैनन् कि त्यो कस्तो रू, पीर, वली, शहीद, नबी अथवा फरिश्ता (देवदूत) हो ।सलाई कुनै प्रकारको लाभ अथवा हानी गर्नालाई शक्ति मिलेको छ । यसैले अल्लाह तआलाले सूर: फातिरको दोस्रो रुकूमा भने को छ :

﴿والَّذِينَ تَدْعُونَ مِنْ دونه مَا يَملِكُونَ مِن قِطمير* إنْ تَدْعُوهم لاَ يَسْمعوا دعآءَ كُم ولو سَمِعوا مَـا اسْـتَجَابُوْا لَكُمْ... الأية﴾ (सूर: फातिर :१३,१४) ।

**अर्थ** : "अल्लाह बाहेक जसलाई तिमी पुकारछौ या पूजा गर्छौं, त्यो एक कणको पनि मालिक छनैन् । यसैकारण तिमी उसलाई पुकारछौं भने तिम्रो पुकार पनि सुन्न सक्दैन र अन्तमा प्रलयको दिन तिम्रोशिर्क र पूजा पुकारबाट इन्कार गरिदिनेछन् ।"

यसले गर्दा मुश्रिक (काफिर) हरू भन्दा धेरै, मुर्ख कोही पनि छैन, किनकि अल्लाहसंग कोही पनि माग्दैनन् जो सम्पूर्ण विश्वको र आकाश पातालमा रहेको प्रत्येक पदार्थहरू माथि उसको अधिकार छ र सम्पूर्ण जीवजन्तु, रूख, बिरुवा आदि सबै उसको आधिनमा छन् । तर तिमी यस्तोसंग माग्दछौं कुनै प्रकारको शासन र शासक्त्व राख्दैनन् र गर्न पनि सक्दैनन् । कुर्आन मजीदको सूर: अहकाफको पहिलो रूकूमा अल्लाह तआलाले भनेको छ ।

﴿و مَن أضلُّ مِمَّنْ يَدْعُوْا مِن دُونِ اللهِ مَن لاَ يَسْتجِيْبُ لَهُ إلي يومِ القيامَـةِ وهُـمْ عَـن دُعائِـهِمْ غَـافِلون * و إذا حُشِرالناسُ كَانُوا لهم أعْدآءً وَّ كانُوا بِعِبَادَتِهِمْ كـافرين﴾

(सुर: अहकाफ:५,६)

**अर्थ** : "यस भन्दा धेरै छकाइएको कुन व्यक्ति होला ? जसले अल्लाहलाई छाडेर यस्ता व्यक्ति-लाई पूजनीय ठानेर पूजा गर्छ र पुकार गर्छ कि जो त्यसलाई प्रलयको दिनसम्म पनि जवाफ दिदैनन्, साथै पुकार गर्नेहरूलाई थाहा पनि हुँदैन् । जब सबै प्रलोकमा प्रलयको दिन इकत्रित हुन्छन् त तिनी ती पुकार गर्नेहरूको शत्रु भई हाल्छन्, र उनका पुकार र पूजाबाट अज्ञानता जाहेर गरी हाल्छन् ।"

कुर्आन मजीदको सूरः मायदःको दशौं रुकूमा अल्लाह तआलाले भनेको छ :

﴿إنّه مَنْ يُشرِك بالله فَقَدْ حَرّمَ الله عَلَيهِ الجنّة وَمأوَاه النّارُ وَمَا لِلظّالِمينَ مِن أنصَار﴾ (सुरः माइदः,७२)

**अर्थ** : "जो कोही अल्लाहको साझी ठहराएको छ निश्चयनै अल्लाहले उसको लागि जन्नत (बैकुण्ठ) हराम गरिदिन्छ र उसको ठेगाना दोजख (नरक) मा हुन्छ अन्याय र अत्याचार, पाप गर्नेलाई कोही पनि सहायता गर्ने छैन् ।"

मिश्कातमा जाबिर रजिअल्लाहो तआला अनहोबाट बयान छ कि रसूलुल्लाहले भन्नु भएको छ कि :

"दुईटा चीज यस्ता छन् जुन दुई कुरालाई प्रमाणित गर्दछन् । एउटा मानिसले सोध्यो कि हे अल्लाहको रसूल ती दुबै चीज प्रमाणित गर्ने कुन कुन हुन ? उहाँले भन्नुभयो कि जुन व्यक्ति अल्लाहसँग अरू-लाई साझी गर्दैन्थ्यो त्यो मेरपछि बैकुण्ठमा जान्छ र जुन व्यक्ति अल्लाहसंग अरुलाई साझी (शरीक) गर्दथ्यो त्यो मरेपछि नर्कमा जान्छ अर्थात् शिर्क गरी मर्छ भने नर्कमा जान्छ र तौहीद गरी मर्छ भने जन्नतमा जान पाउँछ ।"

यसले गर्दा प्रत्येक मुसलमान दाजु-भाईहरूले शिर्क बाट बच्नु नै अति आवश्यक छ ! दु:ख होस् वा खुशी, बिरामी अथवा तन्दुरुस्ती, मन पराओस् वा न पराओस् तै पनि प्रत्येक समयमा र हरेक काम कुरामा अल्लाह माथि ध्यान र दृढ विश्वास गर कि अर्शदेखि फर्श (आकाश देखि पाताल) सम्म सबै पदार्थ जीवजन्तु आदि जे पनि छन् सबै अल्लाहको अधिकारमा छन् सबै जिन, मनुष्य, पीर-पैगम्बर, साधू, फकीर, महार्षि इत्यादि उसको शासन र शक्तिको अगाडि लाचार छन् । आज्ञा न भएसम्म कुनै प्रकारको हानी अथवा लाभ हुन सक्दैन ।

मिश्कातको बाब सब्र व तवक्कुलमा इब्ने अब्बास-बाट बयान छ :

**"कुन्तो खलफ रसूलिल्लाहे सल्लल्लाहो अलैहे वसल्लम् यौमन फकाला या गोलामो इहफ-जिल्लाहा यहफजुका इहफजिल्लाहा तजिदहो तेजाह-का वइजासअल्ता फस् अलिल्लाहा वइजिस तअन्ता फसतइन बिल्लाहे वअलम अन्नल उम्मता लविजतमअत अला अँय्यन फओका बेशैइन लमयन फओका इल्ला बेशैइन कद कतबहुल्लाहो लका वएनिज तमऊ अला अंय्यजुरुका बेशैइन लमय-जुरुका इल्ला बेशैइन कद कतब हुल्लाहो अलैका रोफेअतिल अकलामो व जफ्फतिस्सोहोफु ।"**

**अर्थ** : इब्ने अब्बासले बयान गरेका छन् कि एक दिन म रसूलुल्लाहको पछि पछि जाँदै थिएँ । त वहाँले भन्नु हुन्छ कि :

"ए केटो तिमी अल्लाहको माया महिमालाई याद राख अल्लाहले तिम्रो रक्षा गर्छन् । अल्लाहलाई प्रत्यक्ष रूपमा सर्वशक्तिमान र निरंकार ठान, उसलाई आपनो अगाडि नै पाउनेछौं । जब तिमी माथि कुनै किसिमको आपत्ती आई लागोस् त उसैसित मद्दतको लागि बिन्ती गर । जब तिमीलाई कुनै प्रकारको सहायताको खाँचो परोस् त उसैसित सहायता माग र यो विश्वास गर कि यदि समस्त

संसारका मानिस एउटै ठाउँमा इकत्रित भएर तिम्रो निम्ति कोही लाभ गर्न चाहुन त लाभ गर्न सक्दैनन् । बरु त्यती मात्र हुन्छ जति कि तिम्रो भाग्यमा लेखिदिएको छ, र यदि त्यही सबै मानिस मिलेर तिमी प्रति केही हानि नोक्सानी गर्न चाहुन त हानि गर्न सक्दैनन् । बरु त्यति मात्र हुन्छ जुन तिम्रो भाग्यमा लेखेको छ । कलम रोकियो र कागत सुकाइयो, अर्थात् लाभ र हानि जे पनि हुनेछ त्यो लेखेको छ र त्यही हुन्छ ।यसमा कसैको केही साझी र सहारा छैन, कि उसमा केही फरक अथवा घटाऊ-बढाऊ गर्न सक्दैनन् र बदल्न पनि सक्दैनन् ।"

यसले गर्दा सधैं अल्लाह माथि विश्वास गरेर जिवित रहने र उसै माथि अटल भएर मर्ने प्रयास गर । जसले गर्दा तौहीद माथि स्वर्गबास होस् । जस्तोकि अल्लाहले सूर: आल इमरानको एग्याह्रौं रुकूमा भनेको छ ।

﴿يَا أَيُّهَاالَّذِينَ آمَنُوا اتَّقُوا اللهَ حَقَّ تُقَاتِهِ وَلاَ تَمُوتُنَّ إلاَّ وَ أَنتُمْ مُسْلِمُون﴾ (सूर: आले इमरान:१०२)

**अर्थ** : हे ईमान्दार मानिसहरू अल्लाह सित डराऊ यस्तो डराऊ जस्तो डराउनको हक छ । अर्थात्

प्रत्येक समयमा र हरेक काम कुरामा अल्लाह सित डराऊ र यस्तो कर्म कर्तब्य गर जसले गर्दा इस्लाम र तौहीदमा देहान्त होस् र अन्तमा उद्धार पनि होस् ।"

अब अन्तमा अल्लाह सित बिन्ती छ कि हामी सबै मुसलमान दाजु भाई आदिलाई सुकर्म गर्न र शिर्कबाट बच्नको लागि ज्ञान र साहस देऊन् । (आमीन)

**व आखेरो दावाना अनिल हम्दो लिल्लाहे रब्बिल आलमीन । (आमीन)**

*

# नमाजको बारेमा उपदेश

## बिस्मिल्लाहिर्रहमानिर्रहीम

**"अलहम्दो लिल्लाहे व कफा व सलामुन अलाइबादे हिल्लजीनस्तफा" अम्माबाद-**

﴿أتل مآ أوحي إليك من الكتاب و أقم الصلاة إن الصلاة تنهى عن الفحشاء والمنكر ولذكر الله أكبر والله يعلم ما تصنعون﴾ (सूर: अनकबूत: ४५)

**अर्थ** : अल्लाहले आफ्ना रसूल सित भनेको छ कि :

"हे रसूल ! तिमीलाई जुन किताब (कुर्आन) अल्लाहबाट प्राप्त भएको छ, त्यसलाई सुनाऊ र नमाजको बारेमा साह्रै नै कोशिश गर किन कि नमाजले नराम्रो बानी र नराम्रो काम कुराबाट बचाउँछ, र यो उच्चकोटि को पूजा पनि हो।"

अर्थात् अल्लाहको याद स्मरण पूजा र पुकार गर्न जति पनि नियम छन्, त्यसमध्ये नमाज नै महत्वपूर्ण र अनिवार्य छ र यसमा यो विशेषता छ कि मान्छेको कुबानीलाई बिनाश गरिदिन्छ। जस्तो कि तपसीर जामेउल बयानमा यस आयतको सरहमा यो हदीस पेश गरिएको छ।

**“कीला ले अलैहिस्सलाम इन्ना फोलानन् योसल्ली बिल्लैले वइजा असबहा सरका काला सयन्हा मा तकूलो ।”**

**अर्थ** : “रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम सित सहाबा केरामले भने कि फलानो व्यक्ति राती नमाज पढ्छ र भोलीपल्ट बिहान चोरी गर्छ । त रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भयो कि नमाजले त्यस मानिसको त्यो बानी चाडै नै बिनाश गर्छ, छोडाउँछ ।”

अब आज यस युगमा प्राय: देखापर्छ कि सैकडौं नमाजी यस्ता छन् कि नमाज पढछन् र पापको कामपनि गर्छन, यसबाट यो सिद्ध हुन्छ उनीहरूले नमाजलाई ध्यान पूर्वक र नियम पूर्वक तथा आत्मामा बिश्वाश राखेर पढ्दैनन् । किनकि जब पवित्र कुर्आन र पवित्र हदीसबाट स्पष्ट देखिन्छ कि नमाजमा यो विशेषता र गुण छ कि मानिसको कुकर्मलाई बिनाश गरिदिन्छ । त अनिवार्य रूपले नमाजको त्यो प्रभाव जाहिर हुनै थियो । जसको नमाजमा यो विशेषता जाहेर नहोस्, त्यसलाई आफ्नो नमाज माथि ध्यानपूर्वक बिचार गर्नु पर्छ कि अहिले हाम्रो नमाजमा केही त्रुटी छ, र यो अल्लाहमा स्वीकार हुने छैन भन्ने एहसास (अनुभव) गर्नु पर्दछ । तपसीर जामेउल बयानमा यो हदीस छ :

**"मल्लम तन तहिस्सलातो अनिल फहशाए वल मुनकरे लम यजिद मिनल्लाहे इल्ला बोअद: ।"**

**अर्थ** : रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि :

"मानिसले नमाज पढ्दै रहन्छ तर उसको खराब बानी छुट्दैन, त्यो मानिस अल्लाहको आज्ञाकारी भक्त हुनसक्दैन ।"

अर्थात् जुन मानिसको यस्तो बानी छ कि नमाज पढ्छ र खराब काम कुरा पनि गर्छ, तयसको त्यस्तो नमाज (पूजा बन्दगी) उसलाई केही फाइदा गर्दैन । बरू पापमा गन्ती हुन्छ र समय मात्र बरबाद हुन्छ । तर बर्तमान कालमा यस्ता किसिमको नमाजी धेरै देखिन्छन् । रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

**"अस्वउन्नासे सरकतन अल्लजी यसरेको मिन सलातेही कालू या रसूलल्लाह वकैफा यसरेको मिन सलातेही ? काला लायोतिम्मो रुकूअहा व सोजूदहा ।"**

**अर्थ** : "सबै चोरहरू भन्दा दुष्ट र नीच खल (बदतर) को चोर उ हो, जसले आफ्नो नमाजमा चोरी गर्छ । सहाबा केरामले सोधे कि हे अल्लाह-को रसूल नमाजमा चोरी गर्नु के हो ? त वहाँले

भन्नुभयो कि जुन व्यक्तिले आफ्नो नमाजमा रुकू सजदा पूरा गर्दैनन् |"

यसले सिद्ध हुन्छ कि नमाजमा हतपत (जल्दी बाजी) गर्नाले केही पनि पुण्य (सवाब) मिल्दैन् |

हजरत अलीबाट रिवायत (बयान) छ कि अल्लाहले यस्तो नमाज तर्फ स्वीकारात्मक र कृपा तथा दयाको दृष्टिले हेर्दैन, जसले आफ्नो नमाजमा रुकू सजदामा आफ्नो पिठ्यूं सोझो गर्दैन | रसूलुल्लाहले भन्नु भएको छ कि जुन मानिसले कानमा अजानको आवाज सुन्दा बिना शरीअतको आदेशले घरमा नमाज पढ्छ | त्यसको नमाज स्वीकार हुँदैन सहाबाहरूले सोधे कि या रसूलल्लाह शरीअतको हुकुमको अर्थ के हो, वहाँले भन्नुभयो कि ज्यान आदिको खतरा (भय) होस् वा असाध्य बिरामी परेको अवस्था आदि शरीअतको आदेश हो | जुन मानिस शरीअतको आदेश बिना घरमा नमाज पढ्छन्, उनीहरू माथि मलाई यस्तो क्रोध आउँछ कि आफ्नो ठाउँमा कसैलाई इमाम कायम मुकाम गरेर उनको घरमा गएर हेरौं र आगो लगाई दिउँ, जसले बिना शरीअतको आदेशले घरमा नमाज पढछन् | यस ठाउँमा कोही कोही भन्दछन्, कि घरमा नमाज भई हाल्छ, तर सवाब (पुण्य) कम मिल्छ | उसको जवाफ यो हो कि रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम 'रहमतुल्लिल आलमीन'

हुनुहुन्छ, तपपाईको यो शाने मुबारक होइन् हलाल (जायज) अथवा मुबाह (स्वीकार हुने को) काममा कुनै मुसलमान या उसका घर या उसलाई आगोमा पोल्न बिचार गरुन् ।

यसबाट सिद्ध हुन्छ कि जुन व्यक्तिहरूले बिना शरीअत-को आदेशले घरमा नमाज पढ्छन्, उनीहरूको नमाज नै हुँदैन । यो आदेश लोग्ने मानिसको निम्ति मात्रै छ । स्वास्नी मानिसको लागि घर भित्रको नमाज नै उत्तम मानिएको छ । जस्तो कि अबुदाऊद पहिलो जिल्दमा इब्ने मसऊद-बाट बयान छ कि रसूलुल्लाहले भन्नु भएको छ कि :

"स्वास्नी मानिसको लागि त्यो नमाज राम्रो छ, जो उसले घरको दालान आदि ठाउँमा पढेकी छिन् । आईमाहरूले घरको बरामदामा पढेको नमाज र घरको सबभन्दा भित्रको कोठामा पढेको नमाजमा घरको भित्री भागमा पढेको नमाज अति उत्तम छ ।"

अर्थात् भनाईको मतलब यो हो कि आईमाईका लागि अत्यन्त गोप्यता र पर्दा प्रशस्त सवाब पनि धेरै पाइन्छ ।

सहीहबोखारी पेज नं॰ ७६ मा अबुहोरैराबाट बयान छ कि :

**"अरऔतुम लौ अन्ना नहरन बे बाबे अहदेकुम । यगतसेलो फीहे कुल्ला यौमिन खमसमर्रतन मात-**

**कूलूना फी जालिका अ यबका मिन दरनेही शैअन काला फजालिका मसलुस्सलवातिल खमसा यम-हुल्लाहो बेहिल खताया ।"**

**अर्थ** : रसूलुल्लाहले भन्नु भएको छ कि :

"हे सहाबाहरू बताऊ यदि कुनै व्यक्तिको ढोका तिर नदी वा नहर बगेको छ र उसमा प्रत्येक दिन पाँच चोटी नुहाओस् त तिमीहरूको बिचारले प्रत्येक पाँच चोटि नुहाउनले उसको शरीरमा केही फोहर मैला रहन्छ या रहदैन ? त सहाबाहरूले भने अलिकति पनि फोहर मैल रहदैन । रसूलुल्लाहले भन्नुभयो कि पांच चोटीको नमाजको यही प्रक्रिया हो कि अल्लाहले नमाजको पुण्यले सबै पापहरू- लाई क्षमा गरिदिन्छ ।"

सहीहमुस्लिम पेज नं॰ ६१ जिल्द पहिलोमा जाबिर रजिअल्लाहोअन्हो बाट बयान छ :

**"बैनर्रजोले व बैनश्शिर्के वल कुफ्रे तरकुससलात ।"**

**अर्थ** : रसूलुल्लाहले भन्नु भएको छ कि :

"मानिसलाई मुश्रिक र काफिर हुनमा नमाज नै सबैभन्दा ठूलो फर्क हो ।"

यसले गर्दा जसले नमाजलाई छाडिदियो त्यो निःसन्देह मुश्रिक र काफिर भई हाल्यो । अब आज कति मुसलमान यस्ता छन् । जुनकी न नमाज पढदछन् न रोजा राख्दछन् न जकात दिन्छन् तर आफूलाई मुसलमान भनेर घमण्ड गर्छन् ।

अल्लाह तआला हामी सबै मुसलमान मोमिन दाजु भाईहरूलाई रोजा, नमाज, जकात आदि सबै सुकर्मको काम गर्न लगाउन र सोझो र सजिलो गरिदेऊ भन्ने प्रार्थना छ । (आमीन)

**व आखेरो दावाना अनिल हम्दो लिल्लाहे रबिल आलमीन** ।

*

# जकातको बारेमा उपदेश

## बिस्मिल्ला-हिर्रहमानिर्रहीम

**"अलहम्दो लिल्लाहिल्लजी वहदहू वस्सलातो अला मल्ला नबीया बादहु ।" अम्माबाद :**

﴿يآ أيهَّا الذِّينَ آمنوُا هَلْ أدُلُّكُمْ على تِجَارَةٍ تُنْجِيْكُمْ مِن عذاب أليم* تؤمنـونَ بـالله و رَسُـولِهِ و تُجَـاهِدونَ فِـي سَبيلِ الله بِأمْواَلِكُم و أنفسِكُم ذلِكُم خير لَّكُم إنْ كُنتم تعلمون * يَغفِرلَكم ذُنوبَكُم و يُدْخِلْكُـم جَنّـت تَجـرى مِن تحتِها الانهارُ و مَسَاكِنَ طيِّبَةً فى جَنّـاتِ عـدنِ ذلِـكَ الفَوْزُ العَظِيمُ﴾ (सूर: सपफ:१०-१२)

**अर्थ** : अल्लाहतआलाले कुर्आन मजीदमा भनेको छ :

"हे ईमान ल्याउने मानिसहरू ! म तिमीहरूलाई यस्तो घोर दु:ख बाट बचाउन सक्ने महत्वपूर्ण कुरा बताउछु, त्यो यो हो कि ईमान ल्याऊ अल्लाह माथि र रसूल माथि र अल्लाहलाई खुशी प्रसन्न राख्नको लागि आफ्नो ज्यान र धन सम्पत्ति-लाई उसको बाटोमा अर्पण (दान) गर । यदि तिमीलाई समझ छ भन्ने तिम्रो हकमा यही बेस

हुन्छ । यसले ध्यान पूर्वक बिचार गर जब तिमी यस्तो कर्म गर्छौ त अल्लाहले तिम्रो सम्पूर्ण पाप-हरूलाई क्षमा गरि दिन्छ त तिमीलाई जन्नतमा लगीदिन्छ । जसमा झन बेस नहर बगिरहेको छ र खुब सुहाउँदो पवित्र घरहरू छन् । जसमा तिमी सधैं रहन्छौ ।"

त्यो व्यक्ति कस्तो भाग्यशाली छ, जसलाई यो समस्त चीज प्राप्त होला । किन कि हरेक मानिस उन्नति र हरेक थरीको सुख सुविधाको खोजमा रहन्छ । सुख सुविधा र उन्नति प्राप्त गर्नमा यस्तो लीन हुन्छ कि आफ्नो भोजन, वस्त्र, विश्राम, धर्म, अधर्म, जात, पात आदि सबै कुराको पर्वाह गर्दैन । यसैले अल्लाहले कुर्आन-को प्रकाशमा आह्‌वान गरेकोछ, कि म तिमीलाई सबभन्दा धेरै सुख सुविधा र उन्नत किसिमको ब्यवसाय गर्ने तरिका बताउँछु जसमा सरासर समबृद्धि र उन्नति हुन्छ र उसको कहिले पनि अन्त हुनेछैन । तिमीलाई ज्ञान छ भने यस्तो लाभदायक सुख शान्तिलाई प्राप्त गर्ने उद्योग गर । कुर्आन माथि साँचो ईमान छ भने एउटा ज्यान र माल के ? यदि सैकडों ज्यान र माल भएको भए साह्रै खुशी साथ अल्लाहको कृपा र दया प्राप्त गर्नमा भेंट चढाइने थियो, तर अफसोस छ कि इस्लामको तर्फबाट

मुटु ढुङ्गा जस्तै भईसकेको छ न त नर्कको घोर दुःखको डरले आलस्य र लोभ नै छुट्छ र न जन्नतको मोज मजा प्राप्त गर्नको अभिलाषा नै हुन्छ । धर्म र इस्लामको कर्मबाट बञ्चित भएर जान मालमा लोभ र कंजूसी गर्छन । संसारिक काममा जान र माल दुबै खर्च गर्छन् । हालांकि (वस्तुतः) यही माल प्रलयको दिन उल्टो तिनीहरूको शत्रु भई हाल्छन् । जस्तो कि सहीह बोखारी–मा अबुहोरैराबाट बयान छ कि ।

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि जुन व्यक्तिलाई अल्लाहले धनवान बनाएको छ (सम्पत्ति प्रदान गेरको छ) त्यो उस मध्ये अल्लाहको बाटोमा खर्च गर्दैन भने त्यो सम्पत्ति प्रलयको दिन अत्यन्त जहरीलो र अत्यन्त कुरुप अनुहारको नाग (सर्प) बनाइने छ । फेरि त्यो सर्प त्यस मानिसको घांटीमा तोक जस्तै चिम्टेर उसको अनुहारमा टोक्छ र भन्छ, कि म तिम्रो माल हूँ म तिम्रो खजाना हूँ मेरो आनन्द भोग । यसपछि तपाई (मोहम्मद स॰अ॰व॰) ले यो आयत शरीफ पढ्नु भयो, जसको अर्थ हो कि अल्लाहले प्रदान गरेको धन सम्पत्तिमा कंजूसी र घमण्ड नगर किनकि यही लोभ र कंजूसी गरेर बचाएको (जोगाए) माल उनको घांटीको तौक भई हाल्छ । सूरः तोबाको पांचौं रुकूमा अल्लाहले भनेको छ :

﴿والّذينَ يكْنِزونَ الذَهــب والفِضّــة وَلاَ يُنْفِقُوْنَــها فــى سبيل الله فَبَشّرهُم بعذابٍ أليم * يَوْمَ يُحْمى عليها فِــى نَار جَهنَّمَ فَتُكْوى بها جِبَاهُهُمْ وَجُنُوبُهم و ظُهورُهُم هذا مَا كَنزتُمْ لأَ نفُسِكُم فَذُوقُوا ما كُنْتُم تَكْنِزُون﴾

(सूर:तोबा:३४,३५)

**अर्थ**: “अल्लाहको भनाई छ कि जुन व्यक्ति सुन-चांदी जम्मा गरी त्यसमा लोभ तथा कंजूसी गर्छन र त्यस मध्येबाट अल्लाहको बाटोमा खर्च गर्दैनन् । उनीहरूलाई घोर दु:खको सूचना दी हाल कि त्यो सुन-चांदी प्रलयको दिन सबभन्दा पहिलें तताएर उनीहरूको अनुहार पिठ्यू र दायाँ बायाँ दुबैतिर पोलिन्छ र भनिने छ कि यो तिम्रो खजाना हो जसलाई तिमीले अत्यन्त माया र स्नेह र हिफाजत-को साथ राख्दथ्यो तथा प्रेम गर्दथ्यो, मिहनत गरेर खून पसीना बगाएर कमाउँथ्यौं र उसबाट एक पैसा दीन दु:खीलाई दिदैन्थ्यो । अब आज यहाँ उसको आनन्द भोग ।” **'नउजु बिल्लाह मिन अजाबिह'** ।

**अर्थ** : “हामी अल्लाहको क्रोध दण्डबाट अल्लाह सित क्षमा चाहन्छौं ।”

मुसलमानहरूलाई चाहियो कि सम्पत्तिको प्रलोभ र मायामा फसेर बैकुण्ठलाई न बिर्सुन । शैतानले जुनबेला हृदयमा यस्तो उदगार (वसवसा) पैदा गरोस् कि मालबाट इज्जत छ र आदर भाव हुन्छ । सबैले महान समझेर उच्च नामले घोषित गर्छन्, धन खर्च गरियो भने गरीब हुन्छौ र दरिद्र कहलाउँछौ । त्यस बखत यो दोआ (मन्त्र) पढनुस् ।

**"ला हौला वला कूव्वता इल्ला बिल्लाहिल अलीउल अजीम"**

र आफ्नो हृदयमा विचार बिमर्श गर कि या त म यस माललाई छाडेर जान्छु अथवा यो सम्पत्ति नै मलाई छाडेर जान्छु । तदोपरान्त माल कसैको पासमा रहने छैन् । यसले यस्तो फाइदा र लाभदायक सुख सुविधा प्राप्त गर्नको लागि किन लोभी र कंजूस बनूं । यी सबै कुरा माथि सोच्नु पर्दछ । साथै कुर्आन मजीद र हदीसको त्यो आयतलाई रोज्नु पर्दछ, जसमा अत्याधिक पुण्य र कहिले पनि त्यसको अन्त नहुने खालको पुण्यलेखिएको छ । जस्तै सूर: बकर: मा अल्लाह तआलाले भने छ :

﴿مَثَلُ الَّذِين يُنْفِقُونَ أمْوَالَهُمْ فِى سَبِيل الله كَمَثَلِ حَبَّةٍ أنبَتَتْ سَبْعَ سَنَابِل فِى كُلِّ سُنْبُلَةٍ مائةُ حبّةٍ والله يُضَاعِفُ لِمَنْ يَّشَآء والله وَاسِعٌ عَلِيمٌ﴾ (सूर: बक़र : २६१)

**अर्थः** "अल्लाहले भन्छ कि उदाहरण उनीहरूको, जसले अल्लाहको बाटोमा एक दाना दान गर्छन् त्यो दाना उस दानाको बराबर हुन्छ जसबाट सात बाली उपजेको हुन्छ र प्रत्येक बालीमा सय दाना हुन्छन् र अल्लाहले बढाउन र अधिक दिउन, उसलाई जति चाहुन् र अल्लाहले दिन सक्ने योग्य छन् र समस्तलाई जान्दछन् ।"

रसूलुल्लाह (स॰अ॰व॰) को अमरवाणी छ कि जुन व्यक्ति अल्लाह- को बाटोमा पवित्र धन मालबाट एउटा सानो खजूर खर्च गर्छ भने अल्लाहले त्यसलाई नै कबूल गर्छ । त्यो सानो खजूर लाई खुशीसाथ कबूल गर्छ र उस मानिसको निम्ति पाल्दछ । यहाँ सम्म कि त्यो खजूरको सानो दानलाई बढाउँदा-बढाउँदा एउटा पहाड जस्तै गर्छ र जब प्रलय- को दिन नेकी बदीको तौल हुन्छ तब त्यो सानो दान पहाडको बराबर गरेर नेकीको पलडामा राखिन्छ (यो हदीस सहीह बोखारीको हो) तिर्मिजीमा अनसबाट बयान छ कि :

**"इन्नस्सदकता लतद फेवो गजबर्रब्बे व तदफओ मीततस्सूए ।"**

**अर्थ** : "रसूलुल्लाह (स॰अ॰व) ले भन्नु भएको छ कि दानले अल्लाहको क्रोधलाई शैत्य प्रदान गर्छ र मृत्युको घोर दु:ख र बेहयाईबाट बचाउँछ।"

अब धेरै जना यस्ता छन् कि साल भरि अनेक कार्यमा जकात (दान) दिन्छन् र सम्पत्ति खर्च पनि गर्छन्। जुन प्रकार जकातको आधार नियम छ अरु बढता जकात दिंदैनन् तर यस बाहेक अरु धन मालमा पनि गरीब दु:खी र छिमेकीहरूको हक छ। जस्तो कि तपसीर जामेउल बयान मा आयत **'लैसल बिर्रा अनतोवल्लू उजूहकुम'** को सरहमा इब्ने अबी हातिमबाट फरफूअन मनकूल छ :

**"फिलमाले हक्कुन सेवज्जकात।"**

**अर्थ** : "जकातको बाहेक अरु धन मालमा गरीब र छिमेकी हरूको हक छ।"

जस्तै-गाई, भैंसीको दूध वा खेती किसानीको जनावर वा औजार, रूपियां, पैसा वा खान पिउनको बर्तन, बन्चरो, आगो आदि। यी समस्त वस्तुहरूको कहिले काही जरूरी आई लाग्छ र ती सामान नदिएमा प्रलयको दिन पकेड हुनेछ। यो पनि जकात जस्तै अनिवार्य कुरो हो। कति मानिस त जकात खैरात प्रत्येक प्रकारको गर्छन् तर जसलाई दिन्छन् उस माथि शासन गर्छन्।

यसले  पुण्य नष्ट हुन्छ । जस्तो कि अल्लाहले सूर: बकर: को २६ औं रुकूमा भनेको छ :

﴿لا تُبْطِلوا صَدَقَاتِكُمْ بِالْمَنِّ وَالاذى﴾

(सूर: बकर:२६४)

**अर्थ** : "तीमीहरू  आफनो  खैरात लाई परोपकार गरेर दुखदिएर बरबाद न गरून ।"

इब्नेमाजामा अबुहोरैराबाट बयान छ :

**"इज  अतै  तोमुज्जकाता  फला  तन्सौ  सवाबहा अन्तकूलु  अल्ला  हुम्मज्अलहा मगनमन वला तज अलहा मगरमन ।"**

अर्थ : "रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि जब तिमी खैरात आदि दिन्छौ, त त्यसको पुण्यलाई  नबिर्सनु । अर्थात् दिने बखतमा यो दोआ (मन्त्र)  गर  कि हे अल्लाह ! यसलाई स्वीकार गर र  सजिलो गरि देऊ किन कि माल खर्च गर्न बडो लोभ लाग्छ ।"

यसले गर्दा यदि मुखले भन्न सकिन्न भने हृदयमा मात्र सम्झना गरेपनि हुन्छ । यसरी भन्दा हिम्मत बलियो हुन्छ र इस्लामको कार्यमा खर्च गर्न केही बाधा पर्दैन् । धेरै मानिस यस्ता छन् की जीवन भरि धन माललाई जोगाए

र राख्दछन् एक पैसा पनि नेक कार्यमा लगाउँदैनन् जब मृत्युको बेला आउँछ तब वारिसहरू सित भन्दछन् कि यति उहाँ यति उहाँ दिहालनुस् । त्यसो गर्नाले केही सवाब (पुण्य) मिल्दैन् किन कि अल्लाहको प्रेममा खर्च गर्न त्यस बेला स्वीकार हुन्छ, जब स्वास्थ्य र तनदुरुस्ती सुसम्पन्न रहन्छ र परिवारिक खर्चको पनि भार हुन्छ। यही समयमा खर्च दान गर्नु पर्छ। जस्तो कि :

"रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि स्वास्थ्य तनदुरुस्त र सुसम्पन्न भएको बेला र भविष्यको आशा र परिवारिक खर्चको भार पनि रहेको अवस्थामा अल्लाहको प्रेममा खर्च गर्नु पर्छ।"

मिश्कातमा अबु सईदबाट रिवायत छ :

**"ल्यतसद्दकल मरओ फी हयातेही बेदिर्हमिन खैरुल्लहू मिन अँय्यतसद्दका बेमेयतिन इन्द मौतेही।"**

**अर्थ** : "रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि।

"जुन व्यक्ति तनदुरुस्तीको समयमा एउटा रूपियां अल्लाहको प्रेममा उसको बाटोमा खर्च गर्छ, त्यो मृत्युको समयको सय रूपियां भन्दा धेरै (बढी) महत्वपूर्ण हुन्छ। यति फरक त्यसबेला हुन्छ

जबकी उसले (मरणासन्नले) आफ्नो हातले दिएको होस् । तर अरुलाई हुकुम मात्र दिएर दान गर्छ भने त्यो त झन कम महत्त्वको हुन्छ ।"

यसले हाम्रो अनुरोध छ कि सबै मुसलमान दाजु-भाईहरूले शैतानको बहकावामा आएर परलोकको सुख शान्ति नगुमाउनुस । कुर्आन हदीसको आधारमा अटल भएर नियम बमोजिम गर्न प्रयत्न गर्नुस्, जसले पुण्य बर्बाद नहोस् र पूरा पूरा पुण्य प्राप्त होस् (आमीन)

**व आखेरो दावाना अनिल हम्दो लिल्लाहे रब्बिल आलमीन** ।

*

# रमजानको बारेमा उपदेश

## बिस्मिल्ला-हिर्रहमानिर्रहीम

﴿وَ بَشِّرِالَّذِين آمنوا وَ عَمِلُوا الصَّالِحَاتِ اَنَّ لَهُمْ جَنّـتٍ
تَجْرِى مِن تَحْتِهَا الأنهارُ﴾ (२५ : सूर: बकर)

**अर्थ** : "अल्लाहले आफना नबीलाई सन्देश दिएका छन् कि हे नबीउनीहरूलाई, जसले ईमान ल्याउछन् र नेक अमल (कर्म) गर्छन, यो खुश-खबरी (बधाई) सुनाई देऊ कि ऊनीहरूको लागि बैकुण्ठ तयार गरिएको छ। यसमा नहर र बाग-हरू छन्।"

मिश्कात पेज ४४४ मा मुहम्मद बिन उमरबाट मरफूअन बयान छ :

"रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भए- को छ कि यदि कुनै व्यक्ति जन्मनासाथ सजदामा परोस र लगातार पूजा बन्दगीमा लागि रहोस् र पूजैमा बृद्ध भएर स्वगबासी होस् तै पनि त्यस बन्दगीलाई प्रलयको दिन निम्न श्रेणीको बन्दगी सम्झने छ। र यो इच्छा गर्ला, कि कुनै

युक्तिबाट फेरी संसारमा जान पाएँ भने पुण्य र धर्मको काम झन धेरै गर्न थिएँ ।"

तसर्थ नर्कको दु:ख र जंन्नतको अमृत देखेर मनुष्यको समझमा स्पष्टहुन्छ कि सुकर्मको उस दिन अत्यन्त जरूरी छ । त्यस बखत ठूलो सुकर्म गर्ने व्यक्ति पर्ने अभिलाषा गर्नेछ कि कुनै तरिकाबाट नेकी अरु प्राप्त भएको भए झन राम्रो हुन्थ्यो । फेरी उनको अफसोस (पछुताव) र अभिलाषाको ठिकाना होला, जसले अल्प मात्रामा नमाज, रोजा पनि राम्रो सित गरेको छैनन् । तसर्थ समझदारीको कुरो यो हो कि जीवनमा स्वास्थ्यलाई सुनौलो र सुहाउँदो ठान र जुन समय धेरै महत्वपूर्ण आओस त्यसमा सकेसम्म नेकी प्राप्त गरने प्रयास गर । जस्तो यो शुभ (मुबारक) महीना रमजानको त धेरै महत्वपूर्ण छ । यो सुख शान्तिको मेवा ले भरिएको छ ।

तरगीब व तरहीब सफा २०६ मा हजरत उमरबाट रिवायत (बयान) छ :

"रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि रमजानुल मुबारकमा अल्लाहलाई स्मरण गर्ने व्यक्ति पापबाट मुक्त भईहाल्छ, र प्रार्थना गर्ने निराश हुनसक्दैन् ।"

तरगीब र तरहीब पेज नं॰ २०१ मा हजरत अबुहोरैराबाट मरफूअन बयान छ।

"रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि जो कोही रमजानको प्रशंसा र बुजुर्गी माथि बिश्वास गरेर, त्यसको फल (पुण्य) लाई आदर वा सम्मान गरेर खुशी साथ रोजा: (ब्रत) राखोस् र पूजा बन्दगी गरोस् उसको पछिल्लो सबै पापहरू क्षाम्य भई हाल छन्।"

क्याम रमजानको बारेमा रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले रकातको गिन्ती कायम गर्नु भएन र सहाबा रिजवानुल्लाहमा जसको जति इच्छ भयो पढेंका थिए र कोही एक्लै समूह (जमात) को साथमा पढदथे। यो हदीस मुन्तका पेज ७८ मा छ।

एक चोटी अन्तिम अशरामा (हप्तामा) यस्तो भयो कि तपाई अर्थात् रसूलुल्लाह (स॰अ॰व॰) ले एशाको नमाज पछि एतेकाफ को ठाउँमा नमाज पढ्न थाले। केही व्यक्तिहरू पनि वहाँको साथमा सम्मिलित भए। दोस्रो राती उस भन्दा बढी व्यक्ति सम्मिलित भए, तेस्रो राती अरु धेरै व्यक्ति भए। तर वहाँले उनीहरूलाई सामूहिक नमाज पढ्न दिएनन् र वहाँबाट हुकुम भयो कि कहिले तिमी माथि अनिवार्य नभई हालोस्। फेरी तिमीलाई समस्या परोस्। यस रिवायत (बयान) मा यो विवरण

छैन कि दुबै रातीमा कति रकात पढाउनु भयो। यो हदीस मुन्तका पेज ७८ मा छ। अर्को एउटा बयानमा छ कि पहिलो राती पहिलो प्रहर देखि तेहाई प्रहर सम्म पढाएका थिए फेरी एकरात बिराएर तेस्रो राती आधा रात सम्म फेरी बीचको एउटा रात छाडेर तेस्रो रातीको करीब बिहान सम्म पढाउनु भएको थियो। यी सबै बयान साँचो छन्। हदीस नं॰ ७८ मा हजरत जाबिर रजिअल्लाहो तआला अन्होको भनाई छ तपाईले हामी-हरूलाई एशा पछि जुन नमाज पढाउनु भएको थियो त्यो आठ रकात थियो। यो हदीस सहीह इब्ने खोजैमा र इब्ने हिब्बानमा छ। जुन सुबुलुस्सलाम पेज नं॰ १३७ मा पनि छ। बैहकीमा जुन बयान छ कि आँ हजरत सल्लल्लाहो अलैहे वसल्लमले बीस रकात पढाउनु भएको थियो। त्यो सही छैन, सुबुलुस्सलाम पेज नं॰ १३७ मा छ।

यस बयानबाट यो सिद्ध हुन्छ कि तरावीह अर्कै हो र तहज्जुद अर्कै हो। किन कि तहज्जुद नमाजको समय आधी रात पछि जनाउँछ। उसलाई तपाईले एशा पछि शुरु गरि दिनु भएको थियो साथै यो पनि जाहेर भयो कि यो नमाज समूहको साथमा पढ्न सकिन्छ र बेग्लै पनि पढ्न सकिन्छ र साथै समयको पनि ज्ञान हुन्छ कि चाहे पहिलो प्रहरमा वा मध्य प्रहरमा अथवा अन्तिम प्रहरमा जहिले पनि जुनसुकै व्यक्तिले जति रकात पढ्न चाहेमा

पढ्न सक्छ । तर आठ रकातको प्रशंसा छ किन कि आठ रकातको प्रमाण रसूलबाट पाइएकोछ । उक्त किताबको पेज नं॰ २०१ मा अबु सईदबाट मरफूअन बयान छ ।

"रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि जुन मानिसले पवित्र रमजानको शर्त (नियम) लाई चिन्यो र जुन-जुन कामबाट बच्नु पर्छ, त्यसबाट बाच्यो त उसको पछिल्लो सबै पाप खत्म भइहाल्छन् ।"

तरगीब व तरहीब पेज नं॰ २०४ मा अनसबाट मरफूअन बयान छ कि :रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ ।

"यो महीना तिम्रो अगाडि आएको छ । यसमा एक राती यस्तो छ कि जसको इबादत (पूजा) हजार महीनाको बन्दगी भन्दा श्रेष्ठ छ । जुन व्यक्ति उसको पुण्य र लाभबाट महरुम (असफल) भयो । त्यो अनेक लाभ र पुण्यबाट असफल भयो । यस पुण्य र सहायबाट उही महरुम हुन्छ, जो कि निकै मूर्ख र दुष्ट होला ।"

तबरानीको रिवायत (बयान) मा यस्तो आएको छ कि आँ हजरत मुहम्मद (स॰अ॰व॰) ले भन्नु भएको छ :

"यो रमजान तिम्रो नजीक आएकोछ यसमा जन्नतको ढोकाहरू खोलि दिन्छन् र जहन्नुमको ढोकाहरू-लाई बन्द गरिदिन्छन्, शैतानलाई थुनिन्छ। त्यो व्यक्ति निकै अभाग्य छ जसले रमजानको महीना पायो र उसलाई क्षाम्य (बखशिश) हुने मौका (अवसर) प्राप्त भएन। जब यस्तो पुण्य र दयाको महीनामा उसलाई मुक्ती प्राप्त भएन भने फेरि कहिले होला ?"

तरगीब तरहीब पेज नं॰ १९८ मा इब्ने उमरबाट बयान छ कि रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि :

अल्लाहको प्रतिनिधिहरूको अमल (कर्म) अल्लाहको छेऊ सात दर्जामा छ। दुईटा अमल यस्ता छन् कि दुई चीजलाई अनिवार्य गर्छन्। दुईटा यस्ता छन् कि यसमा एउटाको सट्टा एउटा छ र एउटा त्यो हो कि उसको सट्टा दश पुण्य लेखिन्छ र अरु यस्तो छ कि उसको सट्टा सात सौ पुण्य लेखिन्छ। र एउटा अमल यस्तो छ कि उसको पुण्यको हद (सीमा) अल्लाह बाहेक अरु कोही पनि जानदैनन्, न कुनै दूत (फरिश्ता) मा त्यसलाई लेख्न शक्ति छ। दुई अमल दुई चीज अनिवार्य मध्येबाट एउटा यो हो कि जुन व्यक्तिले शिर्क गरेन् र तौहीदमा बिश्वास गरी मर्यो, उसको निम्ति बैकुण्ठ अनिवार्य हुन्छ, दोस्रो

यो हो कि जुन व्यक्ति शिर्क माथि मर्यो, उसको निम्ति नर्क अनिवार्य हुन्छ । एउटाको एउटा मात्र सट्टा माध्येबाट यो हो कि एउटा पाप गर्नेलाई एउटा पाप मात्र लेखिन्छ । दोस्रो यो हो कि यदि कसैले कुनै प्रकारको सुकर्म गर्न प्रयत्न गर्यो, फेरी गर्नको मौका पाएन भने इरादाको मात्र बिचारले एउटा पुण्य लेखिन्छ । दस गुना पुण्य मिल्ने अनेक पुण्य छन् । अर्थात् जब मुसलमान कुनै किसिमको धार्मिक काम गर्छ त कम से कम दसवटा पुण्य लेखिन्छ र त्यो अमल जसको सट्टामा सातसौ पुण्य छन्, त्यो हो 'फी सबिलिल्लाह' अर्थात् शरई जेहाद (इस्लामको लागि लडने लडाई) मा धनमाललाई लगेर उस मध्येबाट फर्काएर ल्याएन भने उसको पुण्य एक-एकको सात-सात सय लेखिन्छ एउटा दिरमको सट्टा सय दिरम (सुनको) सिक्का) एउटा दीनारको सौ दीनारको पुण्य लेखिनछ, र त्यो अमल जसको पुण्यको सीमा अल्लाहलाई मात्र थाहा छ, त्यो रोजा हो ।

तरगीब तरहीब पेज नं॰ २०३ मा अबु होरैराबाट मरफुअन बयान छ कि :

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि जब रमजानको पहिलो राती आउँछ, त उसमा ठूल-ठूला बलवान जिन र शैतान थुनिदिइन्छन् र नर्कको ढोका बन्द गरि दिइन्छ । फेरी उस माध्येबाट कुनै ढोका

खुल्दैन र जन्नतको ढोका खोलिन्छ, फेरी उस माध्येबाट कुनै पनि ढोका बन्द गरिदैन्, र अल्लाह तआलाको तर्फबाट पुकारने दूतले पुकार गर्छ 'हे भलाई र सुख शान्ति चाहने इच्छुक महानुभावहरू हो अगाडि बढ (अर्थात् यो समय सुहाउँदो छ जे पनि माग्नु छ माँग) र हे पाप गर्नेहरू अहिले पख । अर्थात् यस सुहाउँदो र सुनौलो समयको सम्मान गर र पापबाट पर हट, र अल्लाहको लागि स्वतन्त्रितहरू छन् । अर्थात् आज अल्लाह तआलाले आफ्नो बन्दाहरूलाई नर्कबाट मुक्त गरि रहेको छ । यो कार्य योजना प्रत्येक रमजानको पहिलो रातमा हुन्छ ।

तरगीब व तरहीब पेज नं॰ २०५ मा अबु मसऊदबाट बयान छ कि :

**“लौ यालमुल एबादो मारमजानो लतमन्नत उम्मती अन तकूनस्सनतो कुल्लोहा रमजान ।”**

अर्थ: “रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि रमजान मुबारकको जस्तो महत्वपूर्ण स्थान अल्लाहको नजिक छ । यदि त्यो खिलकत (संसार) लाई जानकारी भएको भए त मेरो अनुयायी मध्येको व्यक्तिहरूले वर्ष भरि रमजान नै रमजान रहोस् भन्ने इच्छा गर्ने थिए ।

यस हदीसबाट यो थाहा हुन्छ कि मेरो अनुयायीहरू दान खैरात रोजा, नमाज आदिको पालन गर्नमा सुयोग्य रहने छन् भनी रसूलुल्लाहलाई आफ्नो अनुयायीहरू माथि आशापूर्ण गौरव थियो । तर हामीहरूले आज यी सबै कर्मबाट कति टाढा छौ ? यो कति शर्म र लाजको कुरो हो ? इस्लाम र ईमानको कुरो यो होकि आफ्ना प्यारा नबी मुहम्मद (स॰अ॰व॰) को मनोभावनालाई अल्लाहको र रसूलको हुकुम बमोजिम सिद्ध गरेर देखाऔं ।

तसर्थ रमजानलाई धेरै महत्वपूर्ण महीना सम्झेर धेरै प्रेम र सम्मानको साथ यस मुबारक महीनालाई रोजा नमाज र पवित्र कुर्आनको पाठन् गरेर तथा दान, खैरात-को साथ बिताऔं ।

अल्लाह सित अनुरोध छ कि हामी सबै मुसलमान दाजु-भाई र दिदी आमा र साना-ठूला आदिलाई रोजा, नमाज, जकात र अनेक सुकर्म गर्न र त्यसमाथि चलन साहस र मौका प्रदान गरुन् । संसार र परलोकको दु:ख आपत्तिबाट बचाउन् । (आमीन)

**रब्बना तकब्बल मिन्ना इन्नका अन्तस्समीउल अलीम व तुब अलैना इन्नका अन्तत्तव्वाबुर्रहीम ।**

*

# हजको बारेमा उपदेश

**"अल्हम्दो लिल्लाहे रब्बिल आलमीन वस्सलातो वस्सलामो अला खातेमिन नबीईन् व बादः ।"**

**बिस्मिल्ला-हिर्रहमानिर्रहीम :**

﴿إنّ أوّلَ بَيتٍ وُّضِعَ لِلنّاسِ لَلَّذِىْ بِبَكَّةَ مُبَارَكًا وَّ هُدىً لِلْعَالَمِينَ * فِيهِ آيَاتٌ بَيِّنَاتٌ مَقَامُ إبرَاهِيمَ وَ مَنْ دَخَلَهُ كَانَ آمِنًا وَ للهِ عَلَى النَّاسِ حِجُّ الْبيتِ مَنِ اسْتَطَاعَ إلَيْهِ سَبِيلاً وَ مَن كَفَرَ فَإنّ اللهَ غَنِيٌّ عَنِ العَالَمِينَ﴾

(सूरः आल इमरान : ९६,९७)

अल्लाहतआलाले कुर्आन शरीफमा भनेको छ कि :

"हरेक व्यक्तिको लागि पहिलो घर मक्कामा कायम गरिएको छ। जुन कि बरकत वाला छ र हिदायत (सन्मार्ग) छ, सबै जनाको लागि, यस शहर मक्कामा इस्लामको सच्चाई स्पष्ट गर्नाको लागि निशानहरू छन् । अर्थात् मकामे इब्राहिम (काबामा एक महत्वपूर्ण ठाउँ) छ यसमा प्रवेश हुने व्यक्तिलाई कसैले पनि समात्न सक्दैन् । जुन मुसलमानले स्वास्थ्य तन्दुरुस्ती र बाटोको खर्च प्राप्त गरेको हुन्छ। उसलाई यस घरमा हज गर्न

अनिवार्य हुन्छ । कसैले कुफ्र (इन्कार) गर्यो भने अल्लाह तआलाले यस्ता व्यक्तिहरूको प्रवाह गर्दैन् ।"

यस आयतमा साफ बयान छ कि खानाकाबाको हज उस बाहेक जसलाई हज यात्राको पाथेय प्राप्त छैन्, अरु सबैलाई अनिवार्य छ । कसै सित हज गर्न क्षमता हुदाहुँदै पनि उ हज गर्न जाँदैन् भने त्यो इस्लामबाट खारिज हुन्छ र आफ्नो मात्र नुक्सान (हानी) गर्छ । अल्लाहको के बिगार छ ?

र तरगीब व तरहीब पेज नं॰ २३९ मा हजरत अलीबाट बयान छ :

कि रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि :

"जुन व्यक्तिलाई हज यात्राको खर्च र सवारीको सामान हज गर्न सक्ने सम्म प्राप्त छ तर ऊ हज गर्न जाँदैन् भने चाहे त्यो यहूदी भएर मरोस् अथवा नसरानी भएर मरोस् । अर्थात् यदि त्यो व्यक्ति हज न गरी मर्छ भने इस्लामका त्यसको मृत्यु हुँदैन ।"

नैलुल अवतार पेज नं॰ १६५ जिल्द चौथोमा छ कि हजरत उमरले भन्नु हुन्छ कि केही मानिसहरूलाई शहर र दिहातमा पठाउं, जो यस्तो व्यक्तिलाई हेरोस् । जसमा

हज गर्न समर्थ छ र हज गर्दैन् । उनीहरू माथि जिज्या (टेक्स) कायम गरि दिउँ किन कि उनी मुसलमान होइन् । यदि वर्तमान समयमा इन्साफको दृष्टिले हेरौं भने त यस्ता कति व्यक्तिहरू पाइन्छ । यस भन्दा धेरै अभाग्य के होला कि बैतुल्लाह जस्तो बुजुर्ग र प्यारो स्थान यही संसारमा छँदैछ र त्यहाँ सम्म पुग्नलाई प्रसस्त सामान पनि प्राप्त होस्, तर मान्छे इस्लामको दावा राख्दा राख्दै पनि उसको दर्शन गर्न न जाओस् । सको दर्शन (जियारत) गर्नको लागि हजरत आदम अलैहिस्सलाम एक हजार चोटि पैदल यात्रा गर्नु भएको थियो ।

तिरमिजी जिल्द दोस्रो पेज नं॰ २५४ मा छ कि आँ हजरत मुहम्मद (स॰अ॰व॰) ले जब काफिरहरूको दु:खले गर्दा मक्का मोअज्जमालाई छाडेर हिजरत (प्रवास) गर्नु पर्यो त खाना काबा तिर मतवज: (ध्यान मग्न) भएर प्रेम पूर्वक भन्नुभयो कि :

"अल्लाहको शपथ लिएर भन्छु कि तिमी अल्लाहको नजिक संसारको सम्पूर्ण पृथ्वीको अनेक ठाउँभन्दा महत्वपूर्ण र प्यारा छौ । यदि काफिर-हरूले मलाई निस्कासित नगरेको भए, म कहिले पनि तिम्रो वियोग (बिछोड) कबूल गर्दैन्थे ।"

इब्ने माजा पेज नं॰ २१३ मा अबुहोरैराबाट नकल छ कि रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु हुन्छ कि :

"जुन मानिसले अल्लाहको निम्ति अर्थात् प्रेम पूर्वक ध्यान दिएर बैतुल्लाहको हज गर्यो र नराम्रो कुरा तथा पापको कामबाट बच्यो, त्यो व्यक्ति यस्तो पाक साफ (पापबाट) मुक्त) भएर फर्कन्छ कि जस्तै उस दिन थियो जुन दिन उसकी आमाले जन्माउनु भएको थियो।"

तरगीब व तरहीब पेज नं॰ २२४ मा अबुहोरैराबाट बयान छ कि रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि :

"जसले पनि बैतुल्लाहको प्रेमले प्रस्थान गर्छ। उसको सवारीको जति पाइला हिड्छ, अल्लाह-तआला प्रत्येक पाइला को सट्टा एउटा पाप मिटाउँछ र एउटा पुण्य लेख्छ र एउटा दर्जा जन्नत मा ऊँचो गर्छ। जब त्यो व्यक्ति बैतुल्लाह-मा पुगिहाल्छ र वहाँ तवाफ (परिक्रमा) र सफा व मरवाको सई (बिस्तारै दौड) दगुर्छ। फेरी कपाल कटाउँछ त पापबाट यस्तो मुक्त भई हाल्छ कि जस्तो त्यस दिन थियो, जुन दिन उसकी आमाले उसलाई पैदा गरेको थिइन्।"

तरगीबको उसै पेजमा इब्ने अब्बासबाट बयान छ कि :

"रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि जुन व्यक्ति मक्का मोअज्जमाबाट हजको लागि अर्थात् अर्फातको तर्फ पैदल निस्कयो र फेरी पैदल मक्कामा फर्केर नै आयो। अर्थात् आवत जावत सवारीमा बसेर आए–गए न भने अल्लाह तआलाले उस व्यक्तिको लागि प्रत्येक पाइलाको सट्टामा सात सयनेकी उसको आमाल नामा (कर्मको किताब) मा लेख्छ र प्रत्येक नेकी हरमको नैकीको बराबर हुन्छ। सहाबाले सोधे कि हे रसूलुल्लाह हरम्को नेकीको के भावार्थ हो ? भन्नुभयो कि प्रत्येक नेकी एक लाखको बराबर हुन्छ। यस प्रकार एक पाइलाको सट्टामा सात करोड नेकीहरू भए।"

अब ध्यान दिनुस् कि तिनीहरूको कस्तो ईमान र इस्लाम होला जसलाई हज गर्न क्षमता छ तर यति ठूलो पुण्य र पदलाई छाडि राखेका छन्। कति यस्ता छन् कि उनलाई हजको कहिले पनि ध्यान हुँदैन। कति मानिसहरू त यस्तरी भनि दिए कि हज गर्नजानु केही धर्मको काम होइन। यो त मुसलमानहरूको व्यापार, बिजनेसको उन्नतिको लागि मात्र कायम गरिएको थियो।

**"नउजु बिल्लाह मिन अजाबिल्लाह ।"**

**अर्थ** : "हामी अल्लाहको क्रोध (दण्ड) बाट अल्लाह सित क्षमा चाहन्छौ ।

अल्लाह यस्तो काम र कुराबाट मलाई र आफ्नो प्रतिनिधिहरूलाई अभाग्य दशाबाट बचाओस् । (आमीन)

केही यस्ता छन् कि हजबाट इन्कार त गर्दैनन् । तर यो हावा लागेको छ कि म संसारिक कार्य ब्योहारबाट र धन माल वा कारखानाबाट मौका पाए पछि अथवा हाम्रो छोरो ठूलो भएर घरको भारलाई सभाल्न सक्ने भएर हज गर्न जान्छु । यो विचार गर्दैनन् कि संसारको भ्रमजाल कहिले समाप्त पनि भएको छ ? आश्चर्यको कुरो यो होकि जब नोकरी र ब्यवसाय आदि कामको लागि सैकडौं हजारौं कोसको यात्रा गरिन्छ र चिरकालसम्म घर फर्कन अवसर मिल्दैन, त्यस बखत परिवारको हेरचाह र कारखानाको हेरचाह कसरी र कुन तरिकाबाट हुन्छ । साथै सबभन्दा आश्चर्यजनक यो कुरो छ कि यस जीवनको केही पनि बिश्वास छैन् । मृत्युको कुनै पनि निश्चित समय थाहा छैन् । यदि हज गर्न जानु अनिवार्य (फर्ज) थियो र जानुभन्दा पहिले नै कालले समात्यो भने ? यहूदी वा नसरानी भएर मर्नु पर्छ । 'अल्लाहको पनाह'

**अर्थ** : “अल्लाह यस पापबाट बचाओस् ।”

अनि त्यो कारखाना र छोरा घर परिवार कोही काम आउन सक्दैनन् । तसर्थ बुद्धिमानीको कुरो यो हो कि जुन समय हज गर्न अनिवार्य होस् त्यसबेला केरकार गर्नु पर्दैन । आलास्य र लोभ माथि यो दोआ (मन्त्र) **“लाहौला”** पढेर तुरुन्तै प्रस्थान भईहाल्नु पर्छ ।

तरगीब व तरहीब पेज नं॰ २२५ मा इब्ने अब्बास-बाट बयान छ कि :

**“तो अज्जिलु एलल ह्ज्जे यअनिल फरीजता फइन्ना अहदकुम लायदरी मा यअरेजो लहू । (रवाहो अबुलकासिम असबहानी)**

**अर्थ** : “रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि हज अनिवार्य भएमा छिटो गर्नु पर्छ किन कि कसैलाई पनि थाहा छैन कि कसलाई कहिले के दुर्घटना आई लाग्छ ।”

तरगीब व तरहीब पेज नं॰ २२६ मा जाफर अनजद्देही-बाट मरफूअन बयान छ कि रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ :

सुकर्मको कार्य गर्नमा जसले पनि धन मालमा लोभ गर्छ भने उसको कंजूसीको यस्तो परिणाम हुन्छ कि

उसलाई कुनै संसारिक काममा उस भन्दा अत्यधिक खर्च गर्न समस्या आई लाग्छ। संसारिक कार्यमा लीन भएर हज गर्न मुलतवी गर्नेहरूको कार्य त्यसै रहिरहन्छ र हजका इच्छुकहरू हजबाट फर्केर पनि आई हालछन्। फेरी वहाँले भन्नुभयो, यो उदाहरण छ यस कुराको कि इस्लामको विधान सही छ।

यसले हज अनिवार्य भएको मुसलमानले अल्लाह माथि सहारा गरेर तुरुन्तै प्रस्थान भई हाल्नु पर्छ र उस बेइन्तेहा (असीमित) सवाब र दर्जालाई प्राप्त गर्नु पर्दछ। जस्तो कि माथि बयान गरिएको छ। तर यो याद रहोस कि सवाब र दर्जा तब प्राप्त हुन्छ जब कि कुनै काम इस्लामको खिलाफ न होओस् र बाटोमा परेको कठिनाई-लाई शान्ति पूर्वक सहन गरोस् यात्री र मान्छेहरू सित लडाई झगडा नगरोस् र ध्यान रहोस् कि अत्यन्त महत्व-पूर्ण ठाउँमा जाँदैछु र सवश्रेष्ठ पुण्य र उपाधिको यात्रा छ। यति लाभदायक ईश्वरीय देन (नेमत) को सामुन्ने संसारिक संकष्टको केही प्रवाह छैन।

तरगीब व तरहीब पेज नं॰ २३० मा अबुहोरैराबाट मरफूअन बयान छ कि :

**“इन्नल्लाहा तआला यो बाही बेअहले अरफातिन मलाएकत्स्समाए फयकूलोउन्जोरु एला एबादी हाऊ- ला-ए जाऊनी शएसन गबेरा।”**

**अर्थ** : "रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि निश्चय नै अल्लाहले फरिश्ता Angels (दूत) हरूमा अर्फातीहरू (अरफातमा हुनेहरू) को प्रशंसा गरेर भन्नु हुन्छ कि हेरं ! मेरो यी भक्त हरूलाई जुन कि टाढा टाढाबाट यात्रा गरेर फोहर मैलो भएर मेरो समीप आएर उभिएका छन्, म उनी-हरूलाई पापबाट मुक्त गरि दिएँ।"

तरगीब व तरहीब पेज नं॰ २२८ मा हजरत अबु-होरैराबाट बयान छ कि रसूलुल्लाहले भन्नु भएको छ कि :

"जुन व्यक्ति हज गर्नको लागि निस्क्यो र बाटैमा त्यसको मृत्यु भयो, उसको निम्ति हजको सवाब प्रत्येक वर्ष (साल) कियामत (प्रलय) सम्म लेखिन्छ। जुन व्यक्ति उमराको लागि निसक्यो र बाटैमा त्यसको मृत्यु भयो, उसको लागि कियामत सम्म उमराको सवाब लेखिन्छ। जुन व्यक्ति जेहादको लागि निसक्यो र बाटैमा त्यसको मृत्यु भयो, उसको निम्ति कियामत सम्म जेहादको सवाब लेखिन्छ।"

तरगीब व तरहीबको उसै पेजमा हजरत आएशाबाट बयान छ कि रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि :

"जुन व्यक्ति हज या उमराको बाटोमा निसक्यो र बाटोमा उसको मृत्यु भयो त कियामतमा (प्रलय) मा उसको पापहरूको पेशी हुन्न र हिसाब व किताब पनि हुन्न, बरु त्यो व्यक्ति बिना कुनै रोकावटले बैकुण्ठमा प्रवेश (दाखिल) भई हाल्छ।"

अन्तमा अल्लाह सित बिन्ती छ कि मुसलमानहरूलाई सुकर्म गर्न बल-बुद्धि प्रदान गरुन्। (आमीन)

**व आखेरो दावाना अनिल हम्दो लिल्लाहे रब्बिल आलमीन।**

*

# आपसी मेल-मिलाप र एकता माथि उपदेश

**बिस्मिल्ला-हिर्रहमानिर्रहीम**

﴿يَا أَيُّها الَّذِينَ آمَنوُا اتَّقُوا اللهَ حَقَّ تُقَاتِه وَلاَ تَمُوْتُنَّ إلاَّ
وَ أَنتُمْ مُسْلِمون * وَاعْتَصِمُوا بِحَبْلِ اللهِ جَمِيعاً وَلا
تَفَرَّقُوْا و اذْكُرُوْا نِعْمَةَ اللهِ عَلَيْكُم إذْ كُنْتُمْ اَعْدَآءً فَأَلَّفَ
بَيْنَ قُلُوبِكُمْ فَأَصْبَحْتُمْ بِنِعْمَتِهِ اِخْوَانًا ...الآية﴾

(सूर: आल इमरान : १०२,१०३)

**अर्थ** : अल्लाहले भनेको छ कि :

“हे ईमान ल्याउनै मानिस हरू अल्लाह सित डराऊ यस्तो डराऊ जस्तो डराउनको हक छ। र तिमीहरू मुसलमानहुने को अवस्थामा मरून्। र सबै मिलेर अल्लाहको रस्सी (अल्लाहको आदेश) लाई खूब मजबूत समात र आफूमा सबै भाई भाई जस्तै भएर बस। र अल्लाहको ईनामलाई याद गर कि तिमी आपसमा शत्रु थियो र अल्लाहले सबैको हृदयलाई कोमल र उदार बनायो कि सबै भाई भए।”

यस आयतमा यो भनेको छ कि सम्पूर्ण मुसलमान-हरूलाई सधैं र हरेक अवस्थामा दीन इस्लाममा दृढता पूर्वक अटल रहनु पर्छ, जसले गर्दा इस्लाम धर्ममा स्वर्गवास (देहान्त) होस् र सबैलाई एक दिल झैं एकताको साथ बस्नु बेस हुन्छ, र एक समूहमा बस्नालाई यो उपाय बताइएको छ कि सबै एकताको साथ मिलेर अल्लाहको रस्सी (कुर्आनको आदेश) लाई खूब राम्रो सित समात र यस उपायको यो फल भनिएको छ कि सबैको हृदय मिली रहन्छ । अर्थात् यो बताइएको छ कि तिमीमा शत्रुता थियौ एक अर्काको शत्रु थियो । अब यो नेमत (दया) ले एक अर्काको मायालु र इच्छुक भएका छौ । त्यो रस्सी कुर्आन शरीफ हो । जस्तै अल्लाह तआलाले सूरा मायदाको पहिलो रुकूमा भनेको छ :

﴿اَلْيَوْمَ أَكْمَلْتُ لَكُمْ دِيْنَكُم و أَتْمَمْتُ عَلَيكُمْ نِعْمَتِـى وَ
رَضِيتُ لَكُمُ الإِسْلامَ دِينًا﴾ (सूर: मायदा : ३)

**अर्थ** : "आज मैले तिम्रो लागि तिम्रो दीन (धर्म) लाई पूरा गरिदएँ र तिमी माथि आफ्नो दया (नेमत) लाई पूर्ण गरि दिए ।"

रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि :

"अल्लाहको किताब अल्लाहको रस्सी हो । जसले पनि यस माथि अटल रहन्छ त्यो हिदायत (सुपथ)

मा रहन्छ र जसले यसलाई छाडि दियो त्यो गुमराहीमा (भ्रममा) पर्छ।"

अब मुसलमानहरूमा एकातिर झगडा फसाद र नराम्रो विवाद समावेश छ, भने अर्कोतिर सबै मुसलमानहरूको भनाई छ कि कुर्आन व हदीस माथि सबैको ईमान र बिश्वास छ। तर यो भनाई मुखले भन्नको लागि मात्र छ। यदि सबैको बिश्वास दृढ भए त यो फसाद, यो पार्टी बन्दी आदि हुदैन्थ्यो। आज त्यही युग हाम्रो सामुन्ने उपस्थित छ जसको बारेमा रसूलुल्लाह (स॰अ॰व॰) को अमरबाणी छ। हदीस मिश्कात बाब कबाएर पेज नं॰ ३१ मा भन्नु भएको छ कि :

**"याती अलन्नासे जमानुन लायबका मिनल इस्लामे इल्ला इस्मोहू वला यबका मिनल कुर्आने इल्ला रस्मोहू मसाजेदोहुम आमेरतुन वहेया खराबुम मिनल होदा।"**

**अर्थ** : "एउटा यस्तो युग आउने छ कि इस्लामको नाम मात्र हुन्छ र कुर्आन व हदीसको पढाई रीति रिवाज (चलन) को प्रभावले मात्र पढाइन्छ। कर्म र गुण हुँदैन। मस्जिद उनीहरूको झन बेस इमारतको हुन्छ तर पाठ पूजाको नाममा शून्य हुन्छ।"

त्यो सबै आज स्पष्ट रुपमा देखिन्छ। अल्लाहले सूर: अनफालको छैटों रुकूमा भनेको छ कि :

﴿وَ أَطِيْعُوا اللَّه وَ رَسُولَه وَلاَ تَنَازَعُوا فَتَفْشَلُوْا وَ تَذْهَبَ رِيْحُكُم وَاصْبِرُوْا إِنَّ اللهَ مَعَ الصَّابِرِينَ﴾

(सूर: अनफाल : ४६)

**अर्थ** : "आज्ञा पालन गर अल्लाहको र उसको रसूलको तथा आफूमा फूट नगर, यदि आफूमा फूट गर्छौ भने तिमी कमजोर (बलबीहीन) हुन्छौ, र तिम्रो जोर हल्लीएर ढल्छ। सन्तोष गर निश्चय नै सन्तोष गर्नेहरूको साथमा अल्लाह रहन्छ।"

तसर्थ यो कुरा सन्तोषका साथमा मात्र बन्न सक्छ। जस्तै कहिले कोही व्यक्ति मूर्खता गर्यो त अर्कोले सन्तोष व प्रेम गरिदियो भने शत्रुता र बैर हुँदैन। यसैले रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु हुन्छ कि :

**"तरल मोमेनीना फी तराहोमेहिम व तवाद्दोहिम व तआतोफेहिम कमसलिल जसदे इजिश्तका उजुउन तदाअलहू सायरूल जसदे बिस्सेहरे वल हुम्मा।"**

**अर्थ** : "जसले आफूमा माया र आफू जस्तै अर्काको चाहिँदैन र दु:ख, सुख, आफ्नै जस्तै मन पराउदैन उसलाई मुसलमान नमान। मुसलमानको नैतिक

व्यवहार यस्तो हुनुपर्छ, जुन प्रकार एउटा शरीरको प्रकृया हुन्छ कि यदि शरीरको कुनै पनि ठाउँमा दु:ख हुन थाल्यो भने पुरा शरीर बेचैन हुन्छ। ठीक त्यस्तै प्रकारले मुसलमानहरूको प्रकृया हुनुपर्छ। यदि एउटा मुसलमानलाई कुनै किसिमको पीर परेको छ भने अर्को मुसलमानले त्यसको दु:खमा भाग लिनु सहनुभूति देखाउनु कर्तब्य हुन्छ।" फेरी अर्को ठाउँमा भनिएको छ कि :

**"वल्लजी नफ्सी बे यदेही ला युमेनो अब्दुन हत्ता यो हिब्बा लेअखीहे मा यो हिब्बो लेनफ्सेही।"**

**अर्थ** : रसूलुल्लाह (स॰अ॰व॰) ले सपथ (कसम) खाएर भन्नु हुन्छ कि :

"कसम (सपथ) छ तयो शक्तिको जसको शक्तिमा मुहम्मद (स॰अ॰व॰) को ज्यान छ कुनै पनि मानिस मुसलमान हुँदैन जब सम्म उसमा आफू जस्तै दु:ख, पीर, मर्का र खैरख्वाही अर्काको लागि पनि हुँदैन। तब सम्म त्यो पूर्ण रुपले मुसलमान हुँदैन।"

अर्को ठाउँमा मिश्कात शरीफको हदीसमा रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भएको छ कि :

"के मैले तिमीहरू लाई यस्तो चीज नभन्ने, जो रोजा, जकात, दान र नमाज भन्दा अति महत्वपूर्ण

छ । सहाबाहरूले भने अवश्यनै बताउने कष्ट गर्नु होस् । वहाँले भन्नु भयो कि त्यो यो हो कि तिमीहरू आफूमा मेल मिलाप र एकता माथि सुदृढ भएर बस, र आपसी फूट यस्तो हानिकारक छ, कि जसले गर्दा पुण्यहरूलाई यस्तरी नाश गर्छ कि जस्तै-उस्तुरा (छुरा) ले कपाललाई काटेर सफा गर्छ केही पनि छाडिदैन् ।"

अब ध्यान दिनुस् कि कुर्आन र हदीस यस्तो उपदेश दिएका छन् तर मुसलमानहरूको आज यस्तो कैफियत छ कि अनेक प्रकारको अनगिनत पार्टी बनाएर र बेग्ला-बेग्लै नाम राखेर तिनै नामको भरमा, विकसित हुनलाई तम्सिएका छन् । र यो नाम अन्तसतल हृदयमा छ । बरु उसको साथमा अनेक बुद्धि र बिचारको यस्तो संगठन बनाइएको छ कि एक अर्काको दोस्रो सित मेल-मित्रता हुन सक्दैन् । सबैलाई अथवा दुई चारलाई एक गर्न अधर्मको काम सम्झिन्छ र फरक गर्नमा प्रयत्न गर्छन् । यसलाई धर्मको कुरो सम्झन्छन् । यसमा ठूलो बुद्धि जीवीहरूले त यसको बीडा नै खाएका छन् । बरु 'अहले हदीस' जुन कि कुर्आन व हदीस मात्रको मान्ने समर्थन गरेका छन्, तिनीहरू पनि यस रोगबाट बचन सकेनन् । सानोतिनो कुरामा इखतेलाफ (बिद्रोह) गरेर आफ्नो बिचारलाई सुबिचार र अर्काको बिचारलाई कुबिचार व

गुमराह बताउछन् । जो चलन सहाबा रिजवानुल्लाह तआला अलैहिमको थियो कि फसाद र फूटबाट बच्दथे र कहिले काही कुनै कुरामा फसाद हुन्थ्यो पनि, भने लडाई झगडा गर्दैन्थे, र अर्को नाम र पार्टी बनाउँदैन्थे, नमाज व मस्जिद आदि अलग गर्दैन्थे । आज उस उपदेशलाई सबैले ताखमा राखि दिएका छन् ।

कोही व्यक्तिहरूले त सहाबाहरूमा पनि शत्रुता र मुखालिफत (बिद्रोह) प्रमाणित गर्छन्, बल व ज्ञान बुद्धि लगाउँछन् । कुनै विवेकी व्यक्तिको सामुन्ने 'त इन्शा अल्लाह' अल्लाह र रसूलको आदेशमा केही पनि विरोध प्रमाणित हुन सक्दैन । तर आज धर्म गुरुहरूको मुटु त बिरामी भईसकेको छ । 'अल्लाह तआला रहम गरुन' आमीन । यस तेह्रौ चौदहौ शताब्दी इस्लाममा मुसलमानहरू एकताको लागि अत्यन्त प्रयत्न गर्छन् । ठूलो-ठूलो धार्मिक उपदेश र सुधारको लागि यज्ञ (अन्जुमन) गर्छन् । जसमा ठूलो-ठूलो धार्मिक उपदेशको वक्तव्य अनेक विवेकी र बुद्धिजीवीहरूले गर्छन् बताउँछन् । तर छल कपट र विद्रोह तथा पार्टी बन्दीमा केही पनि परिवर्तन हुँदैन ।

यसको कारण यो हो कि उस बिद्रोह, फूट आदि कुरा माथि कसैले पनि ध्यान गर्दैनन् । यो कारण के हो ? भने सिर्फ कुर्आन र हदीसको साधारण चलन र सोझोबाटो ।

साधारण चलन त्यो थियो जुन कि सहाबा केरामले गर्दथे । उदाहरणको लागि यो भनौं जस्तै–कुनै कुरा माथि कुनै सहाबाले उपदेश वक्तव्य दिइरहेका छन् । जब उसको बिपरीत कुनै आयत व हदीस कसैले याद गराई दियो वा सुनाई दियो, भने तुरुन्तै आफ्नो कुरालाई छाडिदिन्थे । जस्तै हजरत अबुबक्र रजिअल्लाहो तआला अन्होको पासमा एउटा मानिसको बाज्यैले वरासतमा आफ्नो हक हिस्साको दावा गर्यो । वहाँले भन्नुभयो कि तिम्रो हक हिस्सा वरासतमा छैन । जब उसको हक हिस्साको बापत हदीस सुन्नुभयो त हिस्सा दिलाई दिनु भयो । (यो हदीस इब्ने माजा पेज नं॰ २०० मा छ)

एकचोटि हजरत उमर रजिअल्लाहो अन्हो काबाको खजानालाई बाँड्न हुकुम दिनु भयो । जब त्यसको बापत भनियो कि आँ हजरत (स॰अ॰व॰) ले उसलाई बिभाजित गर्नु भएका छैनन् तपाई पनि नगर्नुस् तुरुन्तै आफ्नो कुरोलाई भंग गरि दिए । यो हदीस बोखारी मतबूआ मिस्र पेज नं॰ १७३ जिल्द चारमा छ, इत्यादि यस्ता धेरै घटनाहरू छन् । जसबाट यो थाहा हुन्छ कि तिनीहरूमा कस्तो प्रेम र सन्तोष थियो ।

अब आज यस्तो कुरा छ कि जसले जे कुरा ग्रहण गरेको छ । उसैको आधारमा बिश्वास गरेर अटल भएका छन् । यदि उसको बिपरीत कसैले केही आयात व

हदीसको प्रकाश पार्यो भने त भन्दछन् कि के यो हदीस पहिले थिएन ? के फला महापुरूषलाई यो प्राप्त भएको थिएन ? तिमीलाई मात्र मिलेको छ । अथवा यसमा केही त्रुटी छ र यो महत्वपूर्ण छैन् ।

भनाईको मतलब यो हो कि यता उतिको कुरा गरेर मान्दैनन्, र यो हुन सक्दैन कि आफ्नो जिद्दीलाई छाडि दिउँ । हदीसको आज्ञा पालन गरौं । याद राख्नुस जब सम्म यो हेरफेर (केरकार) लाई छाड्दैनौ र सहाबाहरू जस्तै कुर्आन व हदीसको आज्ञा पालन गर्दैनौं तब सम्म इस्लामको बृद्धि विकास र एकताको फल देख्न अवसर प्राप्त हुँदैन । किन कि यस चलनबाट अल्लाहको तर्फ-बाट स्वीकारोक्तिको निर्णीय भईसकेको छ । रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि :

**"माअना अलैहे व असहाबी ।"**

(यो हदीस तिर्मिजी पेज नं॰ ९९ जिल्द दुई मतबूआ अहमदीमा छ)

**अर्थ** : रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि :

"जन्नती पार्टी उही हुन्छ जो मेरो चलन र मेरो सहाबाकेरामको चलनलाई मन पराउँछ र उसै-माथि चलन प्रयत्न गर्छ ।"

अर्थात् जुन प्रकार सहाबाकेरामले कुर्आन व हदीस-लाई आधार मानेर उसै आधार भित्र रही जीवन व्यतीत गरेका छन् । ठीक उस्तै प्रकार जीवन ब्यतीत गर्ने व्यक्ति मात्र जन्नती हुन्छ ।

अल्लाह तआला सित बिनम्र प्रार्थना छ कि हामी सबै मुसलमान दाजु-भाई र साना-ठूलालाई यस्तो सुबुद्धि र शक्ति प्रदान गरुन् । जसले गर्दा संसार व स्वर्ग (आखेरत) दुबै ठाउँमा मुक्ति प्राप्त होस् भन्ने प्रार्थना गर्दछु । (आमीन)

**व आखेरो दावाना अनिल हम्दो लिल्लाहे रब्बिल आलमीन ।**

*

# محتويات كتاب "رسالة الإسلام"

الموضوع الصفحة


١- حقيقة التوحيد و الشرك ........................................ ٣

٢- مسائل الصلاة ........................................ ١٤

٣- مسائل الزكاة ........................................ ٢١

٤- مسائل الصيام ........................................ ٣١

٥- مسائل الحج ........................................ ٤٠

٦- الأخوة الإسلامية ........................................ ٥٠


*****

# رسالة الإسلام

تأليف:

**محمد إدريس النيبالي**

مراجعة:

**ضمير أحمد عباس علي النيبالي**

حقوق الصف محفوظة للمكتب

١٤١٩هـ

توزيع ونشر
المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات بسلطانة
تحت إشراف وزارة الشؤون الإسلامية والأوقاف والدعوة والإرشاد
ص.ب: ٩٢٦٧٥ الرياض ١١٦٦٣ هاتف: ٤٢٤٠٠٧٧ ناسوخ: ٤٢٥١٠٠٥